# HISSAN CENTRAL EXAMINATION - 2080 (2024)

**Grade : XII** **F.M.: 75**
**Time : 3 Hrs**

## SOCIAL STUDIES AND LIFE SKILLS EDUCATION (0061 - M2)

**सबै प्रश्नहरुको उत्तर दिनुहोस् ।**

### समुह ‘क’

**अति संक्षिप्त उत्तरात्मक प्रश्नहरु :** **(११ × १ = ११)**

१) धर्मको अर्थ के हो ? एक वाक्यमा लेख्नुहोस् ।
२) पूर्विय चिन्तन परम्परा र पाश्चात्य चिन्तन परम्परा विचको एउटा भिन्नता लेख्नुहोस् ।
३) अन्त्य टिप्पणी (Endnote) भनेको के हो ?
४) बौद्धिक चोरीले अनुसन्धानमा पार्ने कुनै एक प्रभाव उल्लेख गर्नुहोस् ।
५) डोलाजी प्रथा भन्नाले के बुझिन्छ ? लेख्नुहोस् ।
६) सामाजिक रुपान्तरणका लागि गरिएका प्रयासलाई अझ प्रभावकारी बनाउन एउटा सुझाव दिनुहोस् ।
७) अल्पमतको सरकार भन्नाले कस्तो सरकारलाई जनाउँछ ?
८) सहरीकरणको प्रभाव एक वाक्यमा लेख्नुहोस् ।
९) पुँजीबादी अर्थ व्यवस्थाका कुनै दुईवटा विशेषताहरु लेख्नुहोस् ।
१०) नेपाल-भारतबीचको सम्बन्ध सुधार गर्ने एउटा उपाय लेख्नुहोस् ।
११) शिक्षा र मानव संसाधन बिचको अन्तरसम्वन्ध एक वाक्यमा प्रष्ट पार्नुहोस् ।

### समूह ‘ख’

**संक्षिप्त उत्तरात्मक प्रश्नहरु :** **[८×५ = ४०]**

१२) सामाजिक अनुसन्धानमा प्रयोग हुने कुनै चारवटा विधिहरु समावेश गरी संवादको नमूना तयार पार्नुहोस् ।

**अथवा**

बौद्धिक चोरी नियन्त्रण गर्ने उपायहरु समावेश गरी राष्ट्रिय पत्रिकाको लागि सम्पादकीयको नमूना तयार पार्नुहोस् ।

१३) दर्शनको उपयोगिता चर्चा गर्नुहोस् ।
१४) बि.सं.२००७ देखि २०१७ साल सम्मको अवधिमा राजनितीक अस्थिरता हुनाका कारणहरु चर्चा गर्नुहोस् ।
१५) विपद् व्यवस्थापनका लागि स्थानीय सरकारले चाल्नुपर्ने कुनै पाँचवटा उपायहरु उल्लेख गर्नुहोस् ।
१६) “लैङ्गिकता बर्तमान विश्वको जल्दोबल्दो सवाल हो”। यस भनाईको पक्षमा पाँचवटा तर्कहरु दिनुहोस् ।
१७) सूचनाको हकको महत्व चर्चा गर्नुहोस् ।
१८) पहाडबाट तराई तिर हुने बसाईँसराईको प्रवाह रोक्न के गर्नुपर्ला ? पाँच बुँदामा लेख्नुहोस् ।

१९) मानव संसाधन विकास गर्ने कुनै दुईवटा उपायहरु व्याख्या गर्नुहोस् ।

**अथवा**

शिक्षामा समुदायको भुमिकाले पार्ने प्रभाव पाँच बुँदामा लेख्नुहोस् ।

### समूह ‘ग’

**लामो उत्तरात्मक प्रश्नहरु :** **[३×८ = २४]**

२०) आत्मबोधको अभ्यास गर्दा तपाईको जीवनमा पर्ने सकारात्मक प्रभाव र चुनौती चार/ चार बुँदामा लेख्नुहोस् ।
२१) सुदुरपश्चिम प्रदेशको भौगोलिक अवस्था, जनसङ्ख्या,सामाजिक सांस्कृतिक अवस्था र आर्थिक सम्भावना संक्षेपमा चर्चा गर्नुहोस् ।

**अथवा**

प्रादेशिक अन्तरसम्वन्धका कुनै चारवटा आयामहरु ब्याख्या गर्नुहोस् ।

२२) “विश्व व्यापार संगठन नेपालका लागि चुनौती र अवसर” शीर्षकमा राष्ट्रिय पत्रिकाको लागि लेखको नमूना तयार पार्नुहोस् ।

** समाप्त **